# नेपाल गजेट

## नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं पौष ९ गते ०८ साल

### भाग १२

### संसदीय प्रबन्धमन्त्रालयको विज्ञप्ति

५।९।०८

नेपाल सरकारले विधानपरिषद्को निमित्त हुने आगामी आम चुनाव गराउनका लागि निर्वाचन—कमिशनबाट पेश गरिएको—जनप्रतिनिधित्व ऐन नामक एउटा ऐन पास गरेको छ। यस ऐनमुताबिक चुनावको निमित्त नेपाल राज्यमा एक एक लाख जनसंख्या भएका निर्वाचन क्षेत्रहरू बन्नेछन् र हरएक क्षेत्रबाट विधानपरिषद्को निमित्त एउटा सदस्य चुनिनेछन्।

चुनावको निमित्त हरएक निर्वाचनक्षेत्रको मतदाताहरुको एउटा नामाबली ( वोटर्स् लिस्ट ) तयार गरिनेछ। मगज बिग्रेका र निर्वाचनसम्बन्धी अनाचार गरेका व्यक्तिहरूबाहेक २१ वर्ष पुगिसकेका नेपालका सबै स्त्री पुरुष

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नागरिकहरुलाई समानरूपले मत ( बोट ) दिने अधिकार दिइएको छ। तोकिने अवधीभित्र कुनै निर्वाचनक्षेत्रमा कमसे कम ६० दिनसम्म बसेका व्यक्तिहरूले आफ्नो नाम त्यो निर्वाचनक्षेत्रको मतदाताको नामावलीमा दर्ता गराउन पाउनेछन्। मतदाताहरुको नामावली ( बोटर्स् लिस्ट ) तयार गर्ने काम हरेक निर्वाचनक्षेत्रमा रहने नामावली रजिष्ट्रेशन अफिसरले गर्नेछन्।

विधानपरिषद्को सदस्यको योग्यता र अयोग्यता पनि यो ऐनले तोकेको छ। कुनै निर्वाचनक्षेत्रको मतदाताहरुको नामावलीमा नाम दर्ता नभएका र कमसे कम २५ वर्ष उमेर नपुगेका वा सरकारिया जागीरदार वा दिबालिया भएका व्यक्तिहरू निर्वाचनमा खडा हुन पाउने छैनन्। कैदै ठेकिने कुनै अपराधमा दोषी साबित भै २ वर्ष वा सोभन्दा बढी कैद सँजाय दिइएका व्यक्तिहरू अथवा भ्रष्टाचार वा घूस खाएबापत वा राज्य प्रति बफादारी नदेखाएबापत खारेज भएका कुनै कर्मचारीहरू पनि कैदबाट छुटेको वा खारेज भएको ५ वर्ष नपुगेसम्म सदस्यताको निमित्त खडा हुन पाउने छैनन्।

यस ऐनको अन्तर्गत अरू नियमहरू पनि छन्। ऐन र नियमहरुको चाँडै प्रकाशन गरिनेछ। निर्वाचनसम्बन्धी अरू ऐन र नियमहरू पनि तर्जुमा हुँदै छन् र केही समयमा तयार हुनेछन्। सर्वसाधारण जनतासँग अनुरोध छ कि यी ऐनहरूको राम्रो अध्ययन गरी विधानपरिषद्को आगामी निर्वाचनलाई सफल गर्न सरकारलाई सहायता दिउन्।

सेक्रेटरी —
संसदीय प्रबन्धमन्त्रालय,

गोरखापत्र छापाखानाबाट प्रकाशित

विष्णु ध्वज जोशी
अफिसर इन्चार्ज
२००८

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१०८ - B